

वाचाल बकबके फेरि सक्रिय : लोकका कानको xbf{ !

✍ नकूल काजी

३


## सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९



जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com






❑ वर्ष-२१ ❑ अंक - १५९ ❑ २०८३ असार २ गते मंगलबार ❑ Tuesday, 16 June, 2026 ❑ मूल्य ७ /-


## बाढीमा फसेका सात जनाको उद्धार

दमक/ झापाको बुद्धशान्तिमा बाढीमा फसेका सात जनाको उद्धार गरिएको प्रहरीले जनाएको छ । बाबुद्धशान्ति गाउँपालिका-६ स्थित टिमाई खोलामा एक्कासी आएको बाढीमा फसेका सात जनालाई सुरक्षाकर्मीको संयुक्त टोलीले सकुशल उद्धार गरेको हो ।

आइतबार अपराह्न करिब ४:३० बजे गर्मी छल्न तथा नुहाउन खोलामा गएका सात जना बाढीका कारण खोलाको बीच भागमा फसेका थिए । उनीहरूले उद्धारका लागि जानकारी गराएपछि इलाका प्रहरी कार्यालय बुधबारे, अस्थायी प्रहरी चौकी मङ्गलबारे तथा भुटानी शरणार्थी शिविर सुरक्षा बेस बाँकी ४ पेजमा ▸▸

## धान रोप्ने सिजनमा मल आयात गरिंदै

दमक/ सरकारले धान रोप्ने सिजनमा मल आयात गर्ने योजना अन्तिम चरणमा पुगेको जनाएको छ । भारतसँगको जीटूजी (सरकार-देखि-सरकार) सम्झौताअन्तर्गत पहिलो चरणमा ५० हजार मेट्रिक टन रासायनिक मल आयात गर्ने प्रक्रियालाई अन्तिम चरणमा पुऱ्याएको जनाएको हो ।

कृषि वन तथा पर्यावरण मन्त्रालयका सहसचिव एवं कृषि सामग्री कम्पनी लिमिटेड केन्का अध्यक्ष डा. रामकृष्ण श्रेष्ठका अनुसार पहिलो चरणमा आयात गरिने कुल ५० हजार मेट्रिक टन मलमा ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी छ । यसअघि मन्त्रिपरिषद् बैठकले भारतबाट कुल ८० हजार मेट्रिक टन बाँकी ४ पेजमा ▸▸

### कोशी प्रदेशको ४० अर्ब ४४ करोड ५८ लाखको बजेट सार्वजनिक

## पूर्वाधार विकास, कृषि, शिक्षा र पर्यटन प्राथमिकतामा

◆ पूर्वाधार विकास, कृषि, शिक्षा र पर्यटनलाई उच्च प्राथमिकता ◆ बजेट चालु आवको तुलनामा १२.७४% बढी। बजेटको आकार ◆ चालु खर्चः रू. १३ अर्ब ९७ करोड ६३ लाख ◆ पूँजीगत खर्चः रू. २० अर्ब ७५ करोड ९९ लाख

✍ पूर्वसन्देश समाचार

दमक/ कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४० अर्ब ४४ करोड ५८ लाख रूपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । कोशी प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री विदुरकुमार लिङ्थेपले सोमबार आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गर्दै यस्तो बताएका हुन् ।

प्रस्तुत बजेटमा चालूतर्फ १३ अर्ब ९७ करोड ६३ लाख रूपैयाँ, पूँजीगततर्फ २० अर्ब ७५ करोड ९९ लाख रूपैयाँ, वित्तीय व्यवस्थातर्फ १५ करोड रूपैयाँ तथा वित्तीय हस्तान्तरणतर्फ ५ अर्ब ५६ करोड ३६ लाख रूपैयाँ विनियोजन गरिएको छ । यो बजेट चालु आर्थिक वर्षको तुलनामा १२.७४ प्रतिशतले बढी रहेको सरकारले जनाएको छ ।

बजेट कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापनतर्फ आन्तरिक राजस्वबाट ५ अर्ब ५० करोड रूपैयाँ संकलन गर्ने लक्ष्य राखिएको छ । यस्तै, राजस्व बाँडफाँडबाट १२ अर्ब ८७ करोड रूपैयाँ, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान ९ अर्ब १२ करोड रूपैयाँ, सशर्त अनुदान ५ अर्ब ९५ करोड रूपैयाँ, समपुरक अनुदान ६४ करोड रूपैयाँ तथा विशेष अनुदान ५५ करोड रूपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।



त्यसैगरी, प्राकृतिक स्रोतको रोयल्टीबाट ४१ करोड रूपैयाँ, सोझै भुक्तानीमार्फत २० करोड रूपैयाँ प्राप्त हुने र बाँकी अपुग रकम ५ अर्ब रूपैयाँ नगद मौज्दातबाट व्यवस्थापन गरिने आर्थिक मामिला तथा योजना मन्त्री लिङ्थेपले जानकारी दिए ।

कोशी प्रदेश सरकारले पूर्वाधार विकासमा १२ अर्ब ३८ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । जसमध्ये प्रदेश सरकारले पालिका जोड्ने सडकहरू निर्माणको लागि ४ अर्ब रूपैयाँ र जनता आवासलाई ४ करोड ५० लाख रूपैयाँ विनियोजन गरेको छ ।

प्रदेश सरकारले कानुन निर्माण, शान्ति सुरक्षा तथा विपद् बाँकी ४ पेजमा ▸▸

## नदीजन्य पदार्थको उत्खनन गर्न नपाईने

दमक/ सरकारले नदीजन्य पदार्थको उत्खनन गर्न रोक लगाएको छ । असार १ गतेदेखि लागू हुने कानुनी व्यवस्थाअनुसार देशभरका वन क्षेत्रमा रूख कटान, मुछान, काठ तथा वन पैदावार संकलन, नदी तथा खोलाबाट ढुंगा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन र संकलनमा रोक लाग्ने भएको छ ।

वनसम्बन्धी प्रचलित कानुनी व्यवस्थाअनुसार मनसुन सुरू हुने असार १ गतेदेखि भदौ मसान्तसम्म वन क्षेत्रभित्र यस्ता गतिविधिमा मौसमी प्रतिबन्ध लगाइने व्यवस्था छ । यसको उद्देश्य वर्षायाममा वन तथा जैविक विविधताको संरक्षण गर्नु, प्राकृतिक पुनरूत्पादनलाई प्रोत्साहन गर्नु, भूक्षय तथा पहिरोको जोखिम कम गर्नु र वनजन्य स्रोतको दिगो बाँकी ४ पेजमा ▸▸

### उर्लाबारी नगरपालिकाले लगायो नदीजन्य उत्खननमा रोक

उर्लाबारी । मोरङको उर्लाबारी नगरपालिकाले आ ़नो नगरक्षेत्र भित्र रहेका खोलाहरूबाट नदीजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरण कार्य पूर्ण रूपमा बन्द गर्ने निर्णय गरेको छ ।

नगरपालिकाले एक सूचना जारी गर्दै यसको जानकारी दिएको हो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अभय कुमार गुप्ताद्वारा जारी सूचना अनुसार, नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम मिति २०८३ असार १ गतेदेखि अर्को सूचना नभएसम्मका लागि उत्खनन कार्य बन्द गरिएको छ ।

उर्लाबारी नगरक्षेत्र भई बहने मावा खोला,बक्राहा खोला,सोल्टी खोला,सुनझोडा खोला,नुनसरी खोला,मिक्लु खोलाहरूमा नदीजन्य पदार्थ उत्खनन, संकलन र ढुवानी गर्न नपाइने उल्लेख गरिएको छ । नगरपालिकाले यो सूचनाको बर्खिलाप गरी कोही कसैले अनियमित तवरले नदीजन्य पदार्थ उत्खनन, संकलन र ढुवानी गरे वा गराएमा नियमानुसार जरिवाना तथा कडा कारबाही गरिने जनाएको छ ।

## ब्राउन सुगरसहित पाँच जना पक्राउ

दमक/ झापा र सुनसरी जिल्लामा प्रहरीले ब्राउन सुगरसहित पाँच जनालाई पक्राउ गरेको छ । छुट्टाछुट्टै कारबाहीका क्रममा झापाबाट तीन जना र सुनसरीबाट दुई जना पक्राउ परेका हुन् ।

झापाको शिवसताक्षी नगरपालिका-७ बाट प्रहरीले १२ ग्राम १०० मिलिग्राम ब्राउन सुगरसहित ४० वर्षीय सुरज ढकाल र ३१ वर्षीय सन्दिहाङ लिङ्देनलाई पक्राउ गरेको छ । उनीहरूको साथबाट नगद १ लाख १ हजार ९ सय रूपैयाँ, विभिन्न कम्पनीका २१ थान मोबाइल फोन र दुई थान घडीसमेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

झापाकै झापा गाउँपालिका-४ टाघनडुब्बाबाट पनि प्रहरीले एक जनालाई ब्राउन सुगरसहित पक्राउ गरेको छ । पक्राउ पर्नेमा कमल गाउँपालिका-३ का ३१ वर्षीय धनुष सहनी रहेका छन् । भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका सहनीलाई शंकाको आधारमा जाँच गर्दा प्लास्टिकबाहेक ४ ग्राम २२ मिलिग्राम ब्राउन सुगर जस्तो देखिने खैरो पदार्थ फेला परेको प्रहरीले जनाएको छ ।

यस्तै, सुनसरीको इनरूवा नगरपालिका-४ स्थित पूर्व-पश्चिम राजमार्गबाट १३.७२ ग्राम ब्राउन सुगरसहित दुई जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा रामधुनी नगरपालिका-१ का १७ वर्षीय प्रयास चौधरी र ३२ वर्षीय अजय चौधरी रहेका छन् । पक्राउ परेका सबैमाथि लागूऔषध सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## खाद्य सुरक्षा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

दमक/ दमक नगरपालिकाले खाद्य सुरक्षा तथा सचेतना कार्यक्रम सम्पन्न गरेको छ । बालबालिकाहरूमा खाद्य सुरक्षा तथा स्वस्थ खानपानसम्बन्धी चेतना अभिवृद्धि गर्ने उद्देश्यले गत जेठ ४ गते हिमालय माध्यमिक विद्यालयबाट सुरू गरिएको कार्यक्रम सरस्वती माध्यमिक विद्यालय दमकमा सोमबार समापन गरिएको हो ।

कार्यक्रममार्फत विद्यार्थीहरूलाई स्वस्थ र उपयुक्त खाना छनोट गर्ने तरिका, खाद्य सामग्री खरिद गर्दा ध्यान दिनुपर्ने विषय, लेबल तथा म्याद अवधि जाँच गर्ने अभ्यास, पोषणयुक्त आहारको महत्व तथा अस्वस्थ खानाको असरबारे जानकारी गराइएको थियो ।

कार्यक्रममा सरस्वती माध्यमिक विद्यालयका करिब एक सय विद्यार्थी सहभागी भएका थिए । विद्यार्थीहरूले जंक फुडको असर तथा स्वस्थ बाँकी ४ पेजमा ▸▸

## आज धिमाल जातिको जितिरि पर्व

दमक / दमक नगरपालिकाले असार २ गते मंगलबार सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

नगरपालिकाले एक सूचना जारी गर्दै धिमाल जातिको 'जातिरि/सिरिजात पर्व' को अवसरमा उक्त बिदा दिने घोषणा गरेको हो । नगरपालिकाको मिति २०८३/०३/०१ गतेको निर्णयअनुसार असार २ गतेका लागि दमक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरू, आधारभूत केन्द्र तथा मातहतका सम्पूर्ण शैक्षिक संस्थाहरूमा स्थानीय सार्वजनिक बिदा दिइएको सूचनामा उल्लेख छ । दमक नगरपालिकाको प्रथम जातिको रूपमा घोषित धिमाल जातिले विगतका वर्षहरूमा झैं यस वर्ष पनि बृहत् कार्यक्रमका साथ यो पर्व मनाउन लागेकाले उक्त बिदा दिइएको नगर प्रमुख रामकुमार थापाद्वारा हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ । यो पर्व मनाउन मोरङको उर्लाबारी र पथरी नगरपालिकाले समेत सार्वजनिक विदा दिने निर्णय गरेका छन् ।

## दमक नपाले निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने

दमक/ दमक नगरपालिकाले महिलाहरूको स्वास्थ्य परीक्षण तथा उपचारलाई लक्षित गर्दै निःशुल्क महिला स्वास्थ्य शिविर सञ्चालन गर्ने भएको छ । नगरपालिकाको स्वास्थ्य शाखाले आगामी असार ३ गतेदेखि ६ गतेसम्म नगरका विभिन्न स्वास्थ्य संस्थामा शिविर सञ्चालन गर्न लागेको हो । शिविरमा पाठेघरको मुखको क्यान्सर परीक्षण (भिआइए टेस्ट), तल्लो पेट दुख्ने, सेतो पानी बग्ने लगायतका समस्याको परीक्षण तथा उपचार, पाठेघर खस्ने समस्याको उपचार तथा विशेषज्ञ परामर्श सेवा निःशुल्क प्रदान गरिने जनाइएको छ ।

दमक नगरपालिकाकी उपप्रमुख रेगिना भट्टराई प्रसाईले महिलाको स्वास्थ्य नै परिवारको स्वास्थ्य भएको उल्लेख गर्दै स्वास्थ्य समस्यालाई लुकाएर बस्ने प्रवृत्ति अन्त्य गर्न आग्रह गरेकी छन् । उनले समयमै परीक्षण र उपचार गराउँदा जटिल स्वास्थ्य समस्याबाट बच्न सकिने बताउँदै शिविरको अधिकतम लाभ लिन सम्पूर्ण महिला दिदीबहिनीहरूलाई अनुरोध गरेकी छन् । स्वास्थ्य शाखाका अनुसार असार ३ गते आधारभूत स्वास्थ्य केन्द्र दमक-२, असार ४ गते दमक-५, असार ५ गते दमक-७ र असार ६ गते नगर स्वास्थ्य केन्द्र दमक-१० मा शिविर सञ्चालन हुनेछ । शिविर बिहान १० बजेदेखि अपराह्न ४ बजेसम्म सञ्चालन हुने जनाइएको छ ।

## राष्ट्रिय सूचीकरणमा थपिए सम्पदा

दमक/ नेपालका ५ वटा सम्पदा परे राष्ट्रिय सूचीकरणमा परेका छन् । अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ मा भएको प्रावधान बमोजिम चालु आर्थिक वर्षमा मन्त्रीस्तरीय निर्णयबाट पाँच अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीकरण गरिएको हो । नेपाल सरकारले आर्थिक वर्ष २०८१/८२ देखि संयुक्त राष्ट्रसङ्घीय महासन्धि अनुमोदन गरेको १६ वर्षपछि ५ वटा अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीकरणमा परेका हुन् ।

विसं २०६७ असार १ गते नेपालले अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि अनुमोदन गरेको थियो । पहिलो वर्ष सरकारले सूचीकरणका लागि निवेदन आह्वान गर्दा १०५ वटा आवेदन मन्त्रालयमा दर्ता भएको थियो । तीमध्ये ललितपुर जिल्लाका नेवार समुदायले बनाउने योमरी राष्ट्रिय सूचीकरण भएको थियो ।

योमरी अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीकरणमा पर्ने पहिलो अमूर्त सम्पदा हो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यसवर्ष पाँच वटा अभौतिक सांस्कृतिक सम्पदालाई राष्ट्रिय सूचीकरण गरेको छ ।

माझी समुदायले अभ्यास गर्ने लदी पूजा, मगर समुदायले मनाउने भूमे पर्व, मध्यपुर थिमी नगरपालिका-८, बोडेका श्रेष्ठ, ज्यापु, नकर्मीलगायत नेवाः समुदायले मनाउने जिब्रो छेड्ने जात्रा, सोही स्थानका नेवाः समुदायले मनाउने श्री नीलवाराही गण नाचलाई राष्ट्रिय सूचीकरण गरिएको हो ।

यसैगरी माडी गाउँपालिका-६, रोल्पाका मगर समुदायले मनाउने नचारू स्याइँ नाचलाई पनि राष्ट्रिय सूचीकरण गरिएको छ । मन्त्रालयले महासन्धि अनुसार विभिन्न

समुदायको पहिचान एवं अभिलेखीकरणमार्फत अभौतिक सांस्कृतिक सम्पदाको संरक्षण सम्बन्धित समुदायबाटै गर्ने कार्यलाई निरन्तरता दिन राष्ट्रिय सूचीकरण थालनी गरेको हो ।

मन्त्रालयका सहसचिव डा. सुरेशसुरस श्रेष्ठले अभौतिक सांस्कृतिक सम्पदासम्बन्धी महासन्धि नेपालले अनुमोदन गरेको १५ वर्षपछि २०८२ असार १ गतेलाई यससम्बन्धी राष्ट्रिय दिवस मनाउन सुरू गरिएको जानकारी दिए ।


## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमक झापाको

**सुचना ।। सुचना ।। सुचना ।।**

मिति : २०८३ङ०३/२ गते मंगलबार

दमक नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा यही मिति २०८३ आषाढ ३ गते देखि आषाढ ६ गते सम्म महिलाहरुको पाठेघरको मुखमा हुन सक्ने क्यान्सर परिक्षण तथा महिलाहरुको तल्लो पेट दुख्ने, सेतो पानी बग्ने लगायतका समस्याको परिक्षण तथा उपचार साथै पाठेघर खस्ने समस्या भएका महिलाहरुको उपचार तथा परामर्श सेवा प्रदान गर्ने निशुल्क स्वास्थ्य शिबिरको आयोजना गरिएकोले शिबिरमा सम्पर्क राखी सेवा लिनुहुन सम्वन्धित सबैलाई अनुरोध छ।

**शिबिर बस्ने स्थान, मिति र समय**

| मिति | स्थान | समय |
|---|---|---|
| २०८३ आषाढ ३ गते | आधारभुत स्वास्थ्य केन्द्र दमक २ | बिहान १० बजे देखि ४ बजे सम्म |
| २०८३ आषाढ ४ गते | आधारभुत स्वास्थ्य केन्द्र दमक ५ | बिहान १० बजे देखि ४ बजे सम्म |
| २०८३ आषाढ ५ गते | आधारभुत स्वास्थ्य केन्द्र दमक ७ | बिहान १० बजे देखि ४ बजे सम्म |
| २०८३ आषाढ ६ गते | नगर स्वास्थ्य केन्द्र दमक १० | बिहान १० बजे देखि ४ बजे सम्म |

राम कुमार थापा
नगर प्रमुख
दमक नगरपालिका

# सम्पादकीय

## ट्रेड युनियन खारेजी : अधिकार र सुशासनको सन्तुलन

सर्वोच्च अदालतको संवैधानिक इजलासले निजामती कर्मचारी तथा शिक्षकहरुको ट्रेड युनियन खारेज गर्ने सरकारी निर्णयविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेपछि नेपालको सार्वजनिक प्रशासन नयाँ मोडमा प्रवेश गरेको छ । यस निर्णयसँगै वर्षौंदेखि प्रशासन र शिक्षण क्षेत्रभित्र गहिरिँदै गएको राजनीतिक प्रभाव, युनियन-केन्द्रित शक्ति संरचना र दलीय सञ्जालमाथि ठूलो प्रश्न उठेको छ । तर यससँगै कर्मचारीहरुको संगठन गर्ने, सामूहिक सौदाबाजी गर्ने र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकार कुण्ठित हुने बहस पनि तीव्र बनेको छ । लामो समयदेखि ट्रेड युनियनहरु कर्मचारीको हकहित र अधिकार संरक्षणका नाममा स्थापित भए पनि व्यवहारमा ती संगठनहरु दलीय राजनीति विस्तारको माध्यम बनेको आरोप लाग्दै आएको छ । सरूवा-बढुवामा प्रभाव, कार्यालय समयमै राजनीतिक गतिविधि, र प्रशासनिक निर्णयमा दबाब सिर्जना गर्ने अभ्यासले सार्वजनिक सेवा प्रवाह कमजोर बनेको आलोचना हुँदै आएको छ । विशेषगरी सिंहदरबारदेखि स्थानीय तहसम्मका कार्यालयहरुमा सेवा प्रवाहभन्दा संगठनगत शक्ति प्रदर्शन प्राथमिकतामा परेको गुनासो रहँदै आएको छ ।

तर ट्रेड युनियन खारेजीको निर्णयलाई केवल सुधारको कदमका रुपमा मात्र हेर्न मिल्दैन । संविधानले श्रमिक तथा कर्मचारीलाई संगठन बनाउने, सामूहिक रुपमा आफ्ना माग राख्ने र न्यायपूर्ण व्यवहारको माग गर्ने अधिकार सुनिश्चित गरेको छ । त्यसैले युनियन खारेजीले यी अधिकारहरुको सीमा कति निर्धारण गर्छ भन्ने प्रश्न कानुनी र लोकतान्त्रिक दृष्टिले गम्भीर विषय बनेको छ । अधिकारको अभ्यासलाई नियन्त्रण होइन, व्यवस्थित र पारदर्शी बनाउनु राज्यको जिम्मेवारी हुने तर्क पनि बलियो रुपमा उठेको छ ।युनियन संरचनाको प्रभाव घटेपछि सार्वजनिक प्रशासनमा सकारात्मक सुधार आउने अपेक्षा पनि गरिएको छ । अब सरूवा, बढुवा र मूल्यांकन राजनीतिक पहुँच वा संगठनगत दबाबभन्दा कार्यसम्पादन, दक्षता र सेवाग्राही सन्तुष्टिका आधारमा हुन सक्ने अवसर सिर्जना भएको छ । यसले योग्य र इमानदार कर्मचारीलाई अगाडि ल्याउने तथा प्रशासनलाई परिणाममुखी बनाउने सम्भावना बढाएको छ । विद्यालय तहमा पनि शिक्षकहरुलाई राजनीतिक भूमिकाभन्दा शैक्षिक गुणस्तर सुधारतर्फ केन्द्रित गर्न सकिने अपेक्षा गरिएको छ ।

तर यसको अर्को पाटोमा कर्मचारीहरुको सुरक्षा र प्रतिनिधित्व कमजोर हुन सक्ने जोखिम पनि छ । संगठनबिनाको अवस्थामा कर्मचारीहरु व्यक्तिगत रुपमा प्रशासनिक दबाबमा पर्न सक्ने, निर्णय प्रक्रियामा असन्तुलन आउन सक्ने र असन्तुष्टि व्यवस्थापन कमजोर हुन सक्ने चिन्ता व्यक्त गरिएको छ । त्यसैले युनियन खारेजीसँगै वैकल्पिक, निष्पक्ष र कानुनी रुपमा सुरक्षित प्रतिनिधित्व प्रणालीको आवश्यकता अझ बढेको छ ।यस निर्णयले राज्य सञ्चालनमा राजनीतिक हस्तक्षेप घटाउँदै सुशासनतर्फको बाटो खोल्ने सम्भावना देखाए पनि यसको कार्यान्वयन शैली निर्णायक हुनेछ । यदि सुधारको नाममा अधिकारमाथि अत्यधिक नियन्त्रण भयो भने त्यो अर्को असन्तुलन बन्न सक्छ । तर यदि यसलाई दलीय प्रभावमुक्त, पारदर्शी र व्यावसायिक प्रशासन निर्माणको अवसरका रुपमा उपयोग गर्न सकियो भने सार्वजनिक सेवा प्रवाहमा ऐतिहासिक सुधार सम्भव देखिन्छ । अन्ततः ट्रेड युनियन खारेजीको निर्णय केवल संस्थागत संरचनाको अन्त्य होइन, राज्य, कर्मचारी र नागरिकबीचको सम्बन्ध पुनर्परिभाषित गर्ने प्रयास पनि हो । यो कदम सुशासनको अवसर पनि हो र संवैधानिक अधिकारसम्बन्धी संवेदनशील बहस पनि । अबको मुख्य चुनौती भनेको अधिकार र जिम्मेवारीबीच सन्तुलन कायम गर्दै निष्पक्ष, सक्षम र जनमुखी प्रशासनिक प्रणाली निर्माण गर्नु हो ।

# वाचाल बकबके फेरि सक्रिय : लोकका कानको हुर्मत !



नकूल काजी

उहिले-उहिले गाउँले बूढा-पाकाहरु एउटा कान करायो भने दुवै कानका दुलामा औंला कोचेर फलाक्ने गर्थे -" नकरा- नकरा काने काल ! ऐले मेरो आउने बेला भा'छैन । उनिउँ फुल्न-फल्न थालोस्, ढुङ्गो टुसाउन-पाउलिन थालोस् र स्यालको सिङ उम्रिन थालोस् अनि मात्तै म चोला फेर्छु र तँ भा'ठाममा आउँला है !"...तर, अहिले जमाना बद्लेको छ । अहिले कान करायो भने होइन कुनै घमण्डी, अहंकारी, बेताले-बेतालुकी, वाचाल बकबके मान्छे भुकेको सुनिन थाल्यो वा अनुहार देखाउन थाल्यो भने चाहिँ अधिक-अधिकांश नेपाली लोकले आँखा चिम्म पारेर कानका दुवै दुला थुन्ने र 'थैट !' भनेर उधुमै ओभिला फर्को मान्ने गर्न थालेका छन् ।

जस्तै, 'जेन-जेठ विद्रोह'-ले बेइज्जतीपूर्वक सत्ताच्यूत भई भाग्नु परेकाले मात्र होइन, सो विद्रोहद्वारा निर्देशित आम-चुनावमा लज्जास्पद हारले कायल-घायल बन्नु परेकाले मात्र होइन वा सेतो पहिरनले बटुल्न चाहेको सहानुभूतिले नथामेर प्रहरी हिरासतको हावा खानु परेकाले मात्र पनि होइन अथवा 'आफ्ना' अस्तिसम्मका स्वामीभक्त पिछलग्गुहरूले पनि नकारात्मक नाक खुम्च्याउन थालेकाले पनि होइन, पटक-पटक देशको कार्यकारी प्रधानमन्त्री भइखाएका खड्गप्रसाद ओलीले फेरि फुर्तिसाथ संवैधानिक प्रणालीको अदम्य चट्टाने नीति र विधि-प्रक्रियालाई तुक्के-उखाने ढबको भालुभुत्ते चुनौति दिने दुस्साहसिक रामरमाइलोको अर्को अल्मल-सूत्र प्रयोग गर्न थालेका छन् अहिले ! यो कुरो मन-पेटले छ्याङ्ङै बुझेका बहुसंख्यक नेपालीले उनको स्वरूप देख्नासाथ आँखामा हातको ढक्कन लाउन वा उनको बित्पाते स्वर सुन्नासाथ कानका टोड्कामा औंला घुसारेर फर्किंदै गन्गनाउन थालेका छन् !

हुन त खड्गप्रसाद मात्र होइन, यो नितान्त वर्तमानमा अर्का झन्नै समकक्षी बकम्फुसे घमण्डीको पनि उदय भएको छ ! इण्डियन आर्मीको जागिरबाट पेन्सन खाइरहेको राजनीतिक मेलोमेसो पटक्कै नजान्ने सिपाहीले कोशीको धरान जस्तो लाहुरे बहुल क्षेत्रमा क्रिश्चियन धर्म प्रचारको पुरानो ह्याण्ड माइक फुक्ने दैनिक ज्यालादारी काम पाउँदा भूँइमा खुट्टा नहुनु स्वाभाविक भए जस्तै भएका छन् ती अर्का हाल भाँड खेलका खेलाडी ! तर, खड्गप्रसादको तानाशाही दम्भको छेउमा उक्त महाशयको उच्चाइको के गन्ती ! उनी उनका छेउमा झन 'गुइँठे' नै मानिंदा हुन् ! यो प्रसंग यहाँ किन जोड्न आवश्यक ठानिएको हो भने - यो तरोताजा वर्तमानमा यी दुई त्यसरी नै चिनिइरहेका छन् जसरी दर्जनौं सज्जन आफ्नो घरछेउको बाटोबाट ओहोर-दोहोर गरिरहेको कसैले याद नगर् सक्छन् बरू, तर एउटा-दुईटा जँड्याहा वा पागल फत्फताउँदै हिंडे भने, जस्तै व्यस्तामा पनि, सबैको चासो वर्तिन्छ र हेरिन्छन् उनीहरु ! यस्तै नकारात्मकता रूचाउने अहिलेको युगको मनोविज्ञान हुनुको खायस मात्रमा उनीहरूका चर्चा सीमित छ !

खड्गप्रसाद ओलीबाट हाल प्रारम्भ भएको बकवासी प्रकरण छिन्किँदा उनको बकम्फुसे अभिमानले उनीबाट देशको कार्यकारी अख्तियारशाली प्रमुख थिएँ भन्ने चेत र त्यसको मर्यादा राख्नुपर्ने न्यून विवेक नै पनि गुम भएको प्रतीत हुन्छ ! अन्यथा,आज उनी नेपालका दर्जनौं पार्टीहरूमध्ये एउटा अल्पसंख्यक बन्न पुगेको वा 'मान्छे हेर्दा अनुहार न भाँतीको - कुरा गर्छ घोडा र हात्तीको' स्तरमा झर्दो पार्टीका पनि, यिन दिनहरूमा, आफ्नै मण्डलीभित्र समेत, विवादले परिवेष्टित भइरहेको अध्यक्ष पदवाहक पात्र मात्र हुन् । उनी पछिल्लो चुनावमा उनका निकट र सर्वथा नवोदित उम्मेदवारभन्दा झन्नै पचास हजार कम जनमतले हारेका व्यक्ति होइनन् र ? त्यसो भए यो लोकतान्त्रिक गणतन्त्रकालीन सामान्य अनुशासनका सन्दर्भमा पनि उनको राजनीतिक र नैतिक हविगत के रहेको मान्नुपर्ने हो त ? कि 'बिग्रेको मान्छेको भत्केको घर - भत्किसकेपछि केको डर' उखान उनको अन्तिम 'सिद्धान्त' बनिरहेको अचम्म र उदेक देख्नु-सुन्नु परिरहेको हो ? उनीबाट यो चरणको वकवास पुनरावर्त्तन किन वा कुन आधारमा हुन थालेको हो ? यो चरणमा त झन उग्र रूपमा संविधानप्रदत्त विधिले बनाएका आयोगहरूलाई मान्दिन अथवा कुनै संवैधानिक निकायले बयान दिन बोलाए पनि टेर्दिन भनिरहेका छन् त हँ ? सम्पत्ति सुद्धीकरणकै ममिलाको कृत्रिम झ्याउलोमा, हाल जनबलशाली सत्तारूढ पार्टीका अध्यक्ष, रबि लामिछानेलाई उनकै प्रधानमन्त्रीत्वको सरकारकालमा, मध्यरातमा पनि बिना वर्दीका प्रहरी पठाई 'अन्तिम इच्छा' सोद्धै फाँसी दिन लगिरहे भैं,ओछ्यानबाट उठाएर अनावश्यक दश-दुनियाँ दौडाएर जेल हाल्न लगाएका थिए ! र, आफूले कानूनका मुङ्ग्रा देखाएर आफ्नो पदको टाउकोमाथि ओइरिइरहेको अपजसबाट पेलेरै जोगिएका थिए ! यही र यस्ता अनेक दृश्यहरूलाई प्रतीक मानेरै सायद पहिला उनीबाटै नियुक्त शिक्षामन्त्री कृष्णगोपाल श्रेष्टले उस समयको कुनै दीक्षान्तको 'गाउन' धारण गरी देशको जेठो त्रिभुवन विश्वविद्यालयकै मञ्चमा उभिएर 'केपी ओली इज द केपी ओली, कुनै माइको लाल छ उनको कठालो समाउने ? ...उनी त फुटकलको पेले हुन् क्या पेले !'-सम्म पनि भनेका थिए । अतः ती जाली दिनहरु बिर्सेर, उसबेलाका सत्ता-मालिक (?) उनी, आज सोही आयोगलाई माझै मुखबाट 'मेरो घरको खरानी लगेर जाँचोस्' जस्ता गाडे-च्याने जवाफले थुतुनु चलाइरहेका छन् ! उनले त्यो अधिकार कहाँबाट पाएका हुन् र राष्ट्रको भिन्न-भिन्न अख्तियारशाली निकायलाई चुनौती दिने यस्तो सुविधा किन र के कारण भरपूर पाइरहेका छन् उनले भन्ने यो लोकतान्त्रिक देशका लोकले जान्न नपाउने कुनै कारण देखिंदैन ! हुन त, अब कानून, विधि-प्रक्रिया र इमानका 'निष्ठावान साथी' भनेर परिचित सुदन गुरूङ पुनः उचित ठाउँमा आएका छन् र अब लोकले यस्ता प्रश्नका बात्तेमा बल्झिरहने दिनको प्रतीक्षा उत्ति नलम्बिएला पनि !...

आफ्नो भजन गाउने कमाउकान्ते अगुवा भनाउँदा र आफ्नो भाषणरूपी डेउढे र भेडीगोठे पाण्डित्यका वाक्य-वाक्यमै सशुल्क ताली बजाउन भेला गरिएका झोलेहरूबाट छानेर कमाइका गौंडा-गौंडाको अख्तियारी दिने 'लोकतन्त्र'- 'गणतन्त्र'-को खेला, उहिले सन् १९४५ सम्मका 'हिटलर'-ले जर्मनीमा खेले जस्तै, त्यसकै नेपाली संस्करण बुझिने किसिमले, खेल्न खप्पिस थिए खड्ग ओली । उनीबाट यो लोकतान्त्रिक शासन प्रणालीको मौलिक आदर्श, गुण-गरिमा र लोक-दुनियाँका प्रतिको मानवीय सम्वेदनायुक्त धैर्य र सहिष्णुताको ज्ञानकै के आशा गर्नु ? उनी समेतका शासनकालका वेथिति र हर्दमको विग्रह विरूद्धको जन-अभीप्सानुकूल जेन-जेड विद्रोहकालका ७६ योद्धाको रगतले उनी रङ्गिएका त हुँदै हुन् । त्यति मात्र किन र ? उनको 'राजनीति' नामे चलखेलको शुरूवात नै २०२८-०३०मा आठ निर्दोष झापालीको नृशंस हत्याबाटै भएको न हो । त्यही हत्या प्रकरणमा हत्यारा जत्थाको व्यक्ति सावित भएर कानूनले न उनलाई १४ वर्ष जेल हालेको हो-जसलाई नै उनी वाकपटुताले सिँगारेर यताका समय-सालमा 'राजनीतिक त्याग'-को मन्त्र बनाएर जप्ने गरिरहेका हुन्।

शासकीय शक्तिमा हुँदा-हुँदाका बखतमा उनले ओगट्न पाएको हुकुमी परिधिभन्दा अलिकति पनि बाहिरको प्रयोजनको हकमा चाहिँ गोठाले शैली र लयका टुक्के, उखाने-बखाने, गेजु, गुल्चे, धाक-धक्कु, अहमत्याइँ, रोड्याइँ-घडघड्याइँ, छिचराइँ, दुर्मुख्याइँ आदि हाँकिहिँडेर लोकका आँखामा बिझाउने कण्टक पात्र बनिसकेका हुन् खड्गप्रसाद । कण्टक वृक्षको कुनै पनि घोचक सुइरासँग डराउनु त लोक-दुनियाँको प्राकृत स्वाभाविकता हुँदै नै हो क्यार ! त्यसैले गणतन्त्रोत्तरका तीन छोटा-लामा कालखण्डमा उनी देशको प्रमुख कार्यकारी रहँदाका अवधिमा 'चूपचाप बाराना-हल्ला गरे चाराना' उखान शिरोधार्य गरेर लोक-दुनियाँ जीवन-व्यवहार चलाउन बाध्य भए हुनन् ! त्यही इखले पनि होला, गत फागुनको आम चुनावमा लोकले दिल खोलेर उनका बित्पाते फुरफुरको अन्त्य गरिदिएका थिए । र, त्यसपछि क्रमशः भएका घटनाहरूले नै खड्गप्रसाद ओलीलाई मुखमा ताला ठोकी गुफा-साधनमा बाध्य गराएको अनुभूतिले कान न्यानो पारेका थिए नेपाली लोकले । तर, 'नकच्चराको ओखति हुँदैन' भने भैं फासीवादी हिटलरको जस्तै उन्माद र दम्भले सो अचाढू बकबक फेरि शुरू गराएको छ र नेपाली लोकले स्वरूप छल्न हेतु आँखा छोपेर र आवाजको दग्धी शमन गर्न कानका दुलामा औंला घुसार्न थालेका छन् अरे भनेर भन्न थालिएका छन्।

३४/३५ वर्ष आफू स्वर्गीय सुख-ऐश्वर्य र विलास भोग्दै निर्धा-निमुखा नेपाली लोकलाई भेडामा रूपान्तर गरिरहेका तीन अलग-अलग झुण्डका सत्तालोलुप मुखियाहरूले देशलाई भूकम्पले भत्काएको घर भैं लथालिङ्ग-भताभुङ्ग पारेका कैरन लाएर कहाँ साध्य छ र ! ती ३४/३५वर्षे मुखियाहरु र तिनका हन्जाहरु अहिले लयमा लय मिलाएर हालको सरकारले ३४/३५ दिन पुर्याउन नपाउँदै अनेकका बखेडा, उकुर्जी र खोचे थाप्न धकाइरहेका छैनन् । ती तीन सत्ता-स्वार्थको सम्पूरणका लागि ओलीब्राण्ड वाकपटुतारूपी गुरूत्वाकर्षणकृत वकालतले जुट्ने र सुविधा हुनासाथ उहीँ गुरूत्वाकर्षक पटुताको न्यायाधीशीय पाण्डित्य ढबको फैसलाले वस्तुतथ्य ढाकछोप गरी फुट्ने अनि एकार्कालाई पेल्ने गर्थे ! यस्ता दर्जनौं दर्जन घटनाका साक्षी, ओलीकै दलानमा सुरक्षित भई भ्रष्टाचार-कमिसनखोरीबाट आर्जित 'दौलत' डकारिरहेकाहरूमध्ये अधिकांश त्यो अतुल मस्तीको भविष्य अँध्यारो देखेपछि हाल बल्ल उनैसित ठुस्किएका छन् भनिन्छ तापनि त्यो ठुस्काइ 'म कुटे जस्तो गर्छु, तँ रोए जस्तो गर्' भने जस्तो नहुन पनि नसक्ने चर्चा समेत बाक्लै छ । अन्यथा, पशु-पक्षी दुब्लाएर टाट भएपछि कीर्ना र झिँगाले छोडे जस्तो स्थिति पनि टाढा छ जस्तो लोकमा अनुभूत नभइरहेको त कहाँ हो र ! अर्थात्, नेपाली लोकतान्त्रिक गणतन्त्रका आदर्शहरु लुटिएका-कुटिएका अध्यायहरु यति मात्रै भए पो ! कैयौ छन् !!... त्यसैले , आजलाई बस् , यति नै । शेष फेरि —

# ठगीको आरोपमा पक्राउ

इटहरी / मासिक ८०-९० हजार रूपैयाँ तलब र उज्ज्वल भविष्यको सपना देखाएर सयौं नेपाली युवायुवतीलाई भारत पुऱ्याई करोडौं रूपैयाँ असुलेको आरोपमा सुनसरीको इटहरी-२ हलगडाका ईश्वर ढकाल पक्राउ परेका छन् ।

भारतको बिहार राज्यस्थित पटना तथा अन्य सहरमा पुर्याएर नेपालीलाई ठगी गरेको आरोपमा इलाका प्रहरी कार्यालय इटहरीले ढकाललाई पक्राउ गरेको हो । इटहरीस्थित होटल सोल्टी वेस्टेन्ड अगाडि रहेको 'रिफ्रेस क्याफे' सञ्चालन गर्दै आएका ढकालले ठगेको भन्दै ८ जना पीडितले प्रमाणसहित उजुरी दिएको प्रहरीले जनाएको छ ।

पीडितहरूको भनाइ अनुसार फेसबुकमार्फत सम्पर्क विस्तार गरी भारतमा आकर्षक तलबको जागिर दिलाइदिने प्रलोभन देखाइन्थ्यो । त्यसपछि 'सुपरभाइजर', 'एकाउन्टेन्ट' वा 'बिजनेस वर्किङ' जस्ता पदमा काम लगाइदिने आश्वासन दिँदै विभिन्न शीर्षकमा रकम उठाएर भारत लगिने गरिएको थियो । यो सँगै दर्जनौ ब्याक्तिलाई ठगी गरेको आरोप उनलाई लागेको छ ।

# सीप उत्सवमा तीन विद्यार्थी उत्कृष्ट

उर्लाबारी / उद्योग संगठन मोरङको आयोजनामा सम्पन्न 'सीप उत्सव २०८३' मा विभिन्न प्राविधिक क्षेत्रका उत्कृष्ट युवा विद्यार्थीहरूलाई 'स्किल आइकन २०८३' अवार्डसहित सम्मान गरिएको छ ।

अटोमोबाइलतर्फ महमोहन स्मृति पोलिटेक्निक हातिमुडाका मोहम्मद जेसन अन्सारी, होटल म्यानेजमेन्टतर्फ नरबहादुर कर्माचार्य बहुप्राविधिक शिक्षालय इटहरीकी आकृति पौडेल र सूचना प्रविधितर्फ कन्काई पोलिटेक्निकका मनिष घिमिरे प्रथम भएका छन् । उनीहरूलाई कोशी प्रदेशका सामाजिक विकास मन्त्री रामप्रसाद महतो र उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले जनही १० हजार रूपैयाँसहित अवार्ड प्रदान गरे ।

'सीपका लागि उद्योग, करियरका लागि भविष्य' नारासहित आयोजित उत्सवमा झापा, मोरङ र सुनसरीका २५ विद्यालय तथा प्राविधिक शिक्षालयका एक हजारभन्दा बढी विद्यार्थी सहभागी भएका थिए । उत्सवमार्फत विद्यार्थीहरूलाई सीप, उद्योग, करियर अवसर तथा उद्यमशीलतासँग प्रत्यक्ष जोड्ने प्रयास गरिएको आयोजकले जनाएको छ ।

समापन समारोहलाई सम्बोधन गर्दै मन्त्री महतोले सीपयुक्त जनशक्ति उत्पादनका लागि प्रतिस्पर्धात्मक सीप विकास आवश्यक रहेको बताए । उनले उद्योग र शिक्षाबीचको सहकार्य सुदृढ गर्दै युवालाई रोजगारी खोज्ने मात्र नभई अवसर सिर्जना गर्ने दिशामा अघि बढ्न आग्रह गरे । निजी क्षेत्रको सहकार्यले सीप विकास र स्वदेशमै रोजगारी सिर्जना गर्न मद्दत पुग्ने उनको भनाइ थियो ।

उद्योग संगठन मोरङका अध्यक्ष राठीले उद्योग क्षेत्रमा आवश्यक दक्ष जनशक्तिको अभाव हटाउन सीपमूलक शिक्षा र उद्योगबीचको दूरी कम गर्नुपर्ने बताए । उनले संगठनले अप्रेन्टिसिप कार्यक्रम तथा सीप उत्सवमार्फत विद्यार्थीलाई उद्योगको वास्तविक वातावरण, करियर सम्भावना




र सीप विकासका अवसरसँग जोड्दै आएको जानकारी दिए ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउत, नेपाल उद्योग परिसंघ कोशीका अध्यक्ष पवनकुमार सारडा तथा मोरङ उद्योग व्यापार संघका वरिष्ठ उपाध्यक्ष अनिल शाहले दक्ष जनशक्ति उत्पादन, उद्यमशीलता प्रवर्द्धन र स्थानीय रोजगारी विस्तारका लागि सरोकारवाला निकायबीच सहकार्य आवश्यक रहेको धारणा राखे ।

उत्सवमा करियर परामर्श, उद्योग अवलोकन, प्रत्यक्ष सीप प्रदर्शन, नवप्रवर्तन तथा उद्यमशीलता प्रदर्शनी, प्रेरणादायी सत्र र सीप प्रतिस्पर्धालगायत कार्यक्रम सञ्चालन गरिएको थियो ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

खड्ग बहादुर खड्काको
कविता संग्रह
ज्वाला
विभिन्न पुस्तक पसलमा उपलब्ध छ ।
किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।
सम्पर्क नम्बर : ९८४४६८०४९९







# केशव शर्मालाई जापान लोकतारा-२०२६ को उपाधि

दमक । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जापान शाखाको आयोजनामा सम्पन्न 'अमर बिरही गुरूङ सांगीतिक साँझ तथा प्रथम जापान लोकतारा-२०२६' कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ ।

नेपाली लोक संस्कृतिको प्रवर्द्धन, स्रष्टाको सम्मान तथा नयाँ प्रतिभाको खोजी गर्ने उद्देश्यले आयोजित कार्यक्रममा केशव शर्मा प्रथम जापान लोकतारा घोषित भएका छन् ।

प्रतियोगितामा तनुजा साही दोस्रो, पार्वती आचार्य तेस्रो तथा आरती परियार र किरण प्रभात सान्त्वना स्थान हासिल गर्न सफल भए । विजेताहरूलाई कार्यक्रममै सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

जापानको टोकियोस्थित मेगुरो कुमिन सेन्टरमा आइतबार आयोजित कार्यक्रममा वरिष्ठ लोक तथा दोहोरी गायक अमर बिरही गुरूङको विशेष सांगीतिक प्रस्तुति आकर्षणको केन्द्र बनेको थियो । उनले आफना चर्चित लोकदोहोरी गीत प्रस्तुत गर्दै दर्शकलाई भरपुर मनोरञ्जन प्रदान गरेका थिए ।

कार्यक्रममा जापानमा रहेका नेपाली समुदायको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरूले नेपाली भाषा, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए ।

प्रतिष्ठान जापान शाखाले पहिलोपटक आयोजना गरेको 'जापान लोकतारा' प्रतियोगितामार्फत् जापानमा रहेका नेपाली प्रतिभाहरूलाई आफ्नो गायन क्षमता प्रस्तुत गर्ने अवसर मिलेको जनाएको छ । प्रतियोगितामा सहभागी कलाकारहरूले लोकदोहोरी तथा नेपाली मौलिक गीतमार्फत आफ्नो प्रतिभा प्रदर्शन गरेका थिए ।

आयोजकका अनुसार कार्यक्रमले नेपाली लोकसंगीतप्रति नयाँ पुस्ताको आकर्षण बढाउनुका साथै विदेशमा रहेका नेपालीबीच सांस्कृतिक एकता मजबुत बनाउन सहयोग पुगेको छ । शाखाले आगामी वर्षहरूमा पनि यस्ता सांगीतिक तथा सांस्कृतिक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

कार्यक्रमको समापनमा विजेता तथा सम्पूर्ण सहभागीहरूलाई बधाई ज्ञापन गर्दै उनीहरुको आगामी सांगीतिक यात्राको सफलताको शुभकामना व्यक्त गरिएको थियो । नेपाली लोकसंगीत, संस्कृति र प्रतिभाको सम्मानमा केन्द्रित उक्त कार्यक्रम जापानस्थित नेपाली समुदायका लागि स्मरणीय बनेको आयोजकले जनाएको छ । सामाजिक सञ्जालबाट

# २२ सय वर्ष पुरानो दरबारका संरचना फेला



भद्रपुर/ झापाको भद्रपुर नगरपालिका-२ स्थित ऐतिहासिक तथा पुरातात्विक महत्व बोकेको किचकबध क्षेत्रमा गरिएको नवौं चरणको उत्खननबाट ९ वटा दरबारका संरचना फेला परेका छन् । करिब २२ सय वर्ष पुरानो मानिएको सो क्षेत्रको थप उत्खननसँगै यसको ऐतिहासिक महत्व अझ पुष्टि हुँदै गएको पुरातत्वविद्हरूले बताएका छन् ।

पुरातत्व विभागको आर्थिक सहयोगमा जेठ ८ गतेदेखि सुरू भएको नवौं चरणको उत्खनन जेठ २९ गते सम्पन्न भएको हो । वरिष्ठ पुरातत्वविद् उद्धव आचार्यको नेतृत्वमा भएको उत्खननमा प्रमुख पुरातत्व अधिकृत नवराज अधिकारी र फोटोग्राफर रामचन्द्र श्रेष्ठ सहभागी थिए । यस वर्ष संघीय सरकारबाट प्राप्त १० लाख रूपैयाँ बजेटमा उत्खनन सम्पन्न गरिएको हो । करिब १० बिघा क्षेत्रफलमा फैलिएको किचकबध क्षेत्रमा २०३५ सालदेखि उत्खनन सुरू भएको थियो । पुरातत्व विभागले २०५८ सालदेखि नियमित उत्खनन गर्दै आएको छ भने द्वन्द्वकालबाहेक हरेक वर्ष अनुसन्धान जारी छ ।

यसपटक फेला परेका इँटाहरु गौतम बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रमा भेटिएका इँटासँग मिल्दोजुल्दो रहेको पुरातत्वविद् आचार्यले बताए । हालसम्म दरबारका संरचना, सुरक्षा पोष्ट, पर्खाल, तबेला, कम्पाउण्ड, भाला र बाणजस्ता युद्ध सामग्री, माटाका भाँडावर्तन तथा पुराना इँटाका अवशेष फेला परिसकेका छन् ।

कार्बन परीक्षणका आधारमा यी संरचनाहरु करिब २२ देखि २३ सय वर्ष पुराना रहेको अनुमान गरिएको छ । त्यो समय भारतमा शुङ्ग-कुषाण काल चलिरहेको मानिन्छ ।

भद्रपुर-२ का वडाध्यक्ष रामबहादुर कँडेलले किचकबध सम्पूर्ण देशको सभ्यता र इतिहाससँग जोडिएको स्थल भएको बताए । नगर प्रमुख गणेश पोखरेलले प्रदेश र संघीय सरकारसँग सहकार्य गरेर दीर्घकालीन गुरूयोजना निर्माण गर्ने तयारी भइरहेको जानकारी दिए ।

पुरातत्वविद् आचार्यका अनुसार सीमित बजेटका कारण उत्खनन कार्य टुक्राटुक्रा रूपमा सञ्चालन भइरहेको छ । संरक्षण, अनुसन्धान र पर्यटकीय विकासका लागि किचकबधलाई राष्ट्रिय गौरवको परियोजनाका रूपमा अघि बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए ।

महाभारतकालीन पात्र किचकसँग जोडिएको जनविश्वासका कारण यस क्षेत्रको नाम किचकबध रहन गएको मानिन्छ । पाण्डवहरूको गुप्तवासका क्रममा द्रौपदीमाथि कुदृष्टि राखेका किचकलाई भीमसेनले यही क्षेत्रमा वध गरेको किंवदन्ती स्थानीय समाजमा प्रचलित छ ।

इतिहास, पुरातत्व र धार्मिक विश्वासको संगमस्थल मानिने किचकबध क्षेत्रलाई व्यवस्थित संरक्षण र विकास गर्न सके कोशी प्रदेशकै महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्नसक्ने विज्ञहरूको भनाइ छ ।

## जानकारी

### नोबेल पुरस्कारका रोचक तथ्यहरू

- नोबेल पुरस्कार विश्वकै प्रतिष्ठित अन्तर्राष्ट्रिय सम्मान मानिन्छ, जसको स्थापना स्विडेनका वैज्ञानिक अल्फ्रेड नोबेलले गरेका थिए ।
- अल्फ्रेड नोबेलले सन् १८९५ मा आफ्नो सम्पत्तिबाट पुरस्कारका लागि अक्षयकोष स्थापना गरेका थिए ।
- पहिलो नोबेल पुरस्कार सन् १९०१ मा प्रदान गरिएको थियो ।
- हाल नोबेल पुरस्कार भौतिकशास्त्र, रसायनशास्त्र, चिकित्सा, साहित्य, शान्ति र अर्थशास्त्र गरी ६ विधामा दिइन्छ ।
- पुरस्कार हरेक वर्ष डिसेम्बर १० मा प्रदान गरिन्छ ।
- शान्ति पुरस्कार नर्वेको ओस्लोमा र अन्य पुरस्कार स्विडेनको स्टकहोममा वितरण गरिन्छ ।
- हाल प्रत्येक विधाको पुरस्कार राशि ९० लाख स्विडिस क्रोनर छ ।

**पुरस्कार अस्वीकार गर्ने विजेता**

- फ्रान्सेली साहित्यकार जाँ पल सार्त्रले १९६४ को साहित्यतर्फको नोबेल पुरस्कार अस्वीकार गरेका थिए ।
- भियतनामी नेता लि डक थोले १९७३ को नोबेल शान्ति पुरस्कार स्वीकार गरेनन् ।
- रूसी साहित्यकार बोरिस पास्तरनाकले राजनीतिक दबाबका कारण १९५८ को पुरस्कार लिन पाएनन् ।

**पुरस्कार नपाएका चर्चित व्यक्तित्व**

- महात्मा गान्धी पाँचपटक नामांकित भए पनि नोबेल शान्ति पुरस्कार पाउन सकेनन् ।
- लियो टोल्सटोय, मार्क ट्वेन, हेनरिक इब्सनजस्ता साहित्यिक हस्ती पनि नोबेलबाट वञ्चित भए ।
- आवर्त सारणीका निर्माता दमित्री मेन्डेलिभले पनि नोबेल पाएनन् ।
- भारतीय वैज्ञानिक सत्येन्द्रनाथ बोसलाई 'बोसोन' अवधारणामा योगदानका बाबजुद पुरस्कार दिइएन ।

**विवादित नोबेल पुरस्कार**

- बाराक ओबामालाई २००९ मा शान्ति पुरस्कार दिँदा व्यापक विवाद भएको थियो ।
- यासिर अराफातलाई १९९४ मा पुरस्कार दिइएपछि नोबेल समितिका एक सदस्यले राजीनामा दिएका थिए ।
- आङ सान सुकीलाई १९९१ मा दिइएको शान्ति पुरस्कारपछि रोहिङ्ग्या संकटका कारण आलोचना भयो ।
- दलाई लामालाई १९८९ मा शान्ति पुरस्कार दिँदा चीनले विरोध जनाएको थियो ।

**कीर्तिमान र विशेष तथ्य**

- हालसम्म सबैभन्दा धेरै नोबेल पुरस्कार जित्ने देश अमेरिका हो ।
- मेरी क्युरी दुईपटक नोबेल जित्ने पहिलो र एकमात्र महिला हुन् ।
- क्युरी परिवारले हालसम्म पाँचवटा नोबेल पुरस्कार जितेको छ ।
- केवल जर्ज बर्नार्ड शा र बब डिलनले नोबेल र ओस्कार दुवै पुरस्कार जितेका छन् ।
- हालसम्म केवल चार व्यक्तिले दुईपटक नोबेल पुरस्कार प्राप्त गरेका छन् ।

**विश्वकप विशेष**



# विश्वकपमा जापानको दमदार पुनरागमन, नेदरल्याान्ड्ससँग रोमाञ्चक बराबरी



एजेनसी/ एसियाली फुटबलको शक्तिशाली टोली जापानले फिफा विश्वकप २०२६ अन्तर्गत समूह 'एफ' को खेलमा युरोपेली बलियो प्रतिद्वन्द्वी नेदरल्यान्ड्सलाई २-२ को बराबरीमा रोक्दै महत्वपूर्ण एक अंक हात पारेको छ । दुईपटक पछि परेर पनि खेलमा पुनरागमन गर्दै जापानले आफ्नो संघर्षशील प्रदर्शन प्रस्तुत गरेको हो ।

अमेरिकाको डालासस्थित एटीएनटी रंगशालामा सोमबार राति भएको खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिएको थियो । बल नियन्त्रण र आक्रमणमा नेदरल्यान्ड्स हावी देखिए पनि जापानी रक्षापंक्तिले गोल हुन दिएन ।

दोस्रो हाफको ५१औं मिनेटमा कप्तान भर्जिल भान डाइकले गोल गर्दै नेदरल्यान्ड्सलाई अग्रता दिलाए । तर जापानले दबाबमा नआउँदै ५७औं मिनेटमा केइटो नाकामुरामार्फत बराबरी गोल फर्कायो ।

खेलको ६४औं मिनेटमा क्रिसिएनसिओ समरभिलले गोल गर्दै नेदरल्यान्ड्सलाई पुनः २-१ को अग्रतामा पुऱ्याए । त्यसपछि खेल नेदरल्यान्ड्सको पक्षमा जाने अनुमान गरिए पनि जापानले अन्तिम समयसम्म संघर्ष जारी राख्यो । खेल सकिन एक मिनेट बाँकी रहँदा दाइची कामादाले शानदार गोल गर्दै जापानलाई २-२ को बराबरी दिलाए । बाँकी समयमा दुवै टोलीले निर्णायक गोल गर्न नसकेपछि अंक बाँड्न बाध्य भए ।

फिफा वरीयतामा आठौँ स्थानमा रहेको नेदरल्यान्ड्सविरूद्ध १८औँ स्थानको जापानले देखाएको प्रदर्शनलाई विश्व फुटबलमा एसियाली टोलीको बढ्दो क्षमताको संकेतका रूपमा हेरिएको छ । सन् १९९८ देखि लगातार विश्वकप खेल्दै आएको जापानले यस संस्करणमा पनि आफूलाई बलियो प्रतिस्पर्धीका रूपमा प्रस्तुत गरेको छ ।

यसैबीच, समूह 'ई' मा चारपटकको विश्व च्याम्पियन जर्मनीले प्रतियोगितामा शानदार सुरूआत गरेको छ । जर्मनीले पहिलोपटक विश्वकप खेलेको कुराकाओलाई ७-१ गोलअन्तरले पराजित गर्दै तीन अंक जोड्यो । काई हाभर्ट्जले दुई गोल गर्दा जमाल मुसियाला, फेलिक्स मेचा, निको स्लोटरबेक, नाथानियल ब्राउन र डेनिज उन्डाभले एक-एक गोल गरे ।

अन्य खेलमा आइभरी कोस्टले इक्वेडरलाई १-० ले हरायो । अमाड डियालोले ९०औँ मिनेटमा निर्णायक गोल गर्दै टोलीलाई जित दिलाए । समूह 'सी' मा स्कटल्यान्डले हाइटीलाई १-० ले पराजित गर्दै विजयी सुरूआत गरेको छ । जोन म्याकगिनले गरेको एकमात्र गोल स्कटल्यान्डको जितका लागि पर्याप्त बन्यो ।

जापानको संघर्षपूर्ण बराबरीले भने विश्वकपमा एसियाली फुटबलको उपस्थितिलाई थप बलियो बनाएको छ ।

# मुद्रण उद्योग संघ झापाको अक्षयकोषमा ५६ हजारबढी सहयोग

झापा / मुद्रण उद्योग संघ झापाको अक्षयकोषमा विभिन्न शुभेच्छुक तथा सदस्यबाट ५६ हजार १०० रूपैयाँ सहयोग रकम प्रदान गरिएको छ । संघले आयोजना गरेको 'ग्राफिक्स डिजाइनमा एआई (कृत्रिम बुद्धिमत्ता) को प्रयोग' सम्बन्धी एकदिने तालिम कार्यक्रमका अवसरमा उक्त रकम हस्तान्तरण गरिएको हो ।

शुभचिन्तकको तर्फबाट ५१ हजार रूपैयाँ तथा संघका सदस्य देवराज गौतमबाट ५ हजार १०० रूपैयाँ संघका कोषाध्यक्ष रमेशकुमार बस्नेतलाई प्रदान गरिएको थियो ।

यसैबीच, ग्राफिक्स डिजाइन तथा मुद्रण क्षेत्रलाई आधुनिक प्रविधिसँग जोड्ने उद्देश्यले बिर्तामोड-चारपानेमा आयोजित तालिममा जिल्लाका विभिन्न मुद्रण तथा डिजाइन व्यवसायसँग आबद्ध ४० जना सदस्य सहभागी भएका थिए । तालिममा गुगल जेमिनी एआई एजुकेटर उमाकान्त खनालले कृत्रिम बुद्धिमत्ताको सम्भावना, डिजाइन क्षेत्रमा यसको प्रयोग र प्रभावबारे प्रशिक्षण दिएका थिए ।

त्यस्तै, प्रशिक्षक एकराज प्रधानले ग्राफिक्स डिजाइनसम्बन्धी व्यावहारिक विषयमा सहजीकरण गरेका थिए । प्रशिक्षणका क्रममा एआई टुलहरूको प्रयोग, कार्यक्षमता अभिवृद्धि तथा व्यवसायिक प्रतिस्पर्धामा प्रविधिको भूमिकाबारे जानकारी दिइएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा मुद्रण उद्योग महासंघका केन्द्रीय उपाध्यक्ष युवराज डाँगीले प्रविधिको तीव्र विकाससँगै मुद्रण तथा डिजाइन क्षेत्र पनि नयाँ चरणमा प्रवेश गरिरहेको उल्लेख गर्दै यस्ता तालिमले व्यवसायीलाई समयानुकूल बनाउन सहयोग पुग्ने बताए ।

संघका अध्यक्ष रोहितकुमार भट्टराईले कृत्रिम बुद्धिमत्ता लगायत आधुनिक प्रविधिको सही उपयोग गर्न सके मुद्रण उद्योगलाई थप सशक्त बनाउन सकिने धारणा व्यक्त गरे । सहभागीहरूले तालिम उपयोगी र समयसापेक्ष रहेको प्रतिक्रिया दिँदै यसले आफ्नो कार्यक्षमता र व्यवसायिक दक्षता बढाउन सहयोग पुगेको बताए ।

उपाध्यक्ष याम थुलुङले स्वागत गरेको कार्यक्रममा मुद्रण उद्योग महासंघका सहकोषाध्यक्ष राजु पोखरेल, बिर्तामोड उद्योग वाणिज्य संघका सदस्य केदार खनाललगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन संघका सचिव भानुभक्त खनालले गरेका थिए ।

कार्यक्रममा बोल्दै सचिव खनालले आगामी दिनमा पनि प्रविधि, सीप विकास र व्यवसायिक क्षमता अभिवृद्धिसम्बन्धी यस्ता कार्यक्रमलाई निरन्तरता दिइने जानकारी दिए ।

## दैनिक राशिफल

आज मिति २०८३ साल असार ०२ गते मंगलबार
14 June, 2026
तिथि: द्वितिया



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

**मेष** (चु चे लो ला लि लँ ले लो अ): मनमा अशान्ति । काममा बाधा । आम्दानी कम।

**वृष** (इ उ ए ओ वा वि वु वे वो): पारिवारीक कलह । सामान्य लाभ ।

**मिथुन** (का कि कु घ ङ छ के को हा): शत्रु बढ्ने । भाइबहिनीको सहयोग मिल्ने।

**कर्कट** (हि हु हे हो डा डि डु डे डो): पढाईमा सफलता । लेनदेनमा भने केही समस्या

**सिंह** (मा मि मु मे मो टा टि टु टे): पारिवारिक झमेला ।मित्रबाट सहयोग । कृषि कार्यमा लाभ।

**कन्या** (टो प पी पँ ष ण ठ पे पो): शत्रु पराजय । पराक्रम बढ्ने । मन प्रशन्न रहला ।

**तुला** (रा री रु रे रो ता ती तु ते): बोलीको प्रभाव बढेर जाला । पढाईमा सफलता ।

**वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): कार्यमा सफलता । मातापिताबाट सहयोग ।

**धनु** (य यो भा भी भ धा फा ढ भे): काममा बाधा । शत्रुको भय । मन खिन्न ।

**मकर** (भो जा जी खि खू खे खो गा गी): आफन्तबाट सहयोग । ब्यापार व्यवसायबाट लाभ ।

**कुम्भ** (गँ गे गो सा सी सँ से सो द): थालेको कार्यमा बाधा । शत्रु बढेर जाला ।

**मीन** (दि दु थ झ ञ दे दो चा ची): अनुहारमा समस्या । मित्रहरु दाहिना होलान् ।

**पूर्वाधार.....**व्यवस्थापनमा ९४ करोड बजेट विनियोजन गरेको छ । शिक्षा र सामाजिक क्षेत्रमा ३ अर्ब १० करोड रूपैयाँ बजेट विनियोजन गरेको छ ।

त्यसैगरी उनले सक्षम छोरी कार्यक्रमको लागि ७ करोड, अपाङ्गता रोकथाम तथा संरक्षणको लागि १६ करोड ५० लाख, बौद्धिक अपाङ्गता तथा अटिजम बालबालिकाका लागि १ करोड, सांकेतिक भाषाको अधिकार प्रत्याभूति गर्न १६ करोड, सांकेतिक भाषा स्रोत कक्षाको लागि १ करोड, १ सय वडा विद्यालयमा डिजिटल बोर्डबाट पढाइ सुरू गर्न १० करोड विनियोजन गरेको बताए । यस्तै ज्योतिस शास्त्र, वास्तु तथा तान्त्रिक विधिको अध्ययन गरिने बताए ।

मनमोहन प्राविधिक विश्वविद्यालयका लागि २० करोड बजेट विनियोजन गरेको प्रदेश सरकारले धनकुटामा चिकित्सा शास्त्र अध्ययन सुरू गर्ने घोषणा गरेको छ भने प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि २३ करोड विनियोजन गरेको छ । वैजनाथ क्रिकेट रंगशालाको निर्माणको लागि ५ करोड, समुदायमा रहेका मौलिक ज्ञान, सिप र प्रविधि अनुसन्धान गर्न २७ करोड रूपैयाँ पनि विनियोजन गरेको छ ।

पर्यटन वन तथा वातावरणको लागि ३ अर्ब ४९ करोड रूपैयाँ, कोशी पर्यटन भ्रमण वर्षका लागि १२ करोड १२ लाख, पदमार्गमा आधारित पर्यटन प्रबर्द्धनलाई १२ करोड ७७ लाख विनियोजन गरेको जानकारी दिएका छन् ।

यसैगरी आगामी आर्थिक वर्ष २०८३-८४ का लागि कृषि क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्दै बजेट सार्वजनिक गरेको छ । प्रदेश सरकारले कृषि क्षेत्रको विकास, आधुनिकीकरण र उत्पादकत्व वृद्धिका लागि ६ अर्ब २८ करोड रूपैयाँ विनियोजन गरेको हो ।

प्रस्तुत गरेको बजेटमा कृषिमा आत्मनिर्भर बन्न र कृषकहरूलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ । विनियोजित ६ अर्ब २८ करोड रूपैयाँ मुख्यगरी कृषि पूर्वाधार, सिँचाइ, सहुलियतपूर्ण ऋण, बीउबिजन वितरण र बजार व्यवस्थापनमा खर्च गरिने उल्लेख छ ।

यसैगरी कोशी प्रदेश सरकारले खोनपानी, सिँचाइ तथा ऊर्जा क्षेत्रको विकासका लागि ६ अर्ब २८ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । बहुवर्षे खानेपानीका लागि २४ करोड रूपैयाँ विनियोजन गरिएको छ भने २ सय खानेपानी आयोजनाका लागि २७ करोड, प्रदेशका ५६ निर्वाचन क्षेत्रमध्ये ३८ क्षेत्रमा प्रतिक्षेत्र १ करोडको खानेपानी आयोजना र १८ निर्वाचन क्षेत्रमा जल उत्पन्न र खानेपानीसँग सम्बन्धित १ करोडका आयोजना गरेर ५६ करोड विनियोजन गरिएको छ । यस्तै जल उत्पन्न प्रकोप नियन्त्रण र विपद व्यवस्थापनको लागि ६२ करोड ५३ लाख विनियोजन गरिएको छ ।

कोशी प्रदेश सरकारले कानून निर्माण, शान्ति सुरक्षा तथा विपद व्यवस्थापनमा ९४ करोड बजेट विनियोजन गरेको छ । झापाको मेचिनगर र मोरङको रंगेलीमा रहेको कोल्ड सेन्टर संचालन गर्ने, केन्द्रसँगको समन्वयमा प्रदेशबाटै सवारी साधनको लाइसेन्स छाप्ने व्यवस्था मिलाउने बजेटमा उल्लेख छ । यस्तै संचार क्षेत्रको लागि ४ करोड, धनकुटाको चौविसेमा आइटि पार्क निर्माण गर्न २ करोड, प्रदेशका ५ हजार युवालाई तालिम दिने र 'म अघि बढ्छु' कार्यक्रमलाई २ करोड विनियोजन गरेको छ ।

कोशी प्रदेश सरकारले संघीय सरकारको निर्णय अनुसार भइरहेको आइतबारको सार्वजनिक विदा पुनराबलोकन गर्ने भएको छ । आर्थिक मामिला तथा योजनामन्त्री बिदुर लिङ्थेपले प्रदेशसभामा बजेट पेश गर्दै सो जानकारी दिएका हुन् । सेवाको प्रभाबकारिता र आम नागरिकको सहजतालाई मध्यनजर गरेर आइतबारको विदा पुनराबलोकन गर्ने बजेट बक्तब्यमा उल्लेख छ ।

**नदीजन्य...**व्यवस्थापन गर्नु हो ।

यस अवधिमा स्वीकृत कार्ययोजना भएका वनमा समेत सामान्यतया रूख कटान, मुछान र काठ संकलनका काम स्थगित गरिन्छ। यस्तै वन क्षेत्रभित्र वा वनसँग सम्बन्धित नदी तथा खोलामा ढुंगा, गिट्टी, बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा संकलनमा पनि रोक लाग्छ ।

वन कार्यालयहरूले मनसुन अवधिमा अनधिकृत कटानी, चोरी निकासी तथा अवैध उत्खनन हुन नदिन निगरानी र अनुगमनलाई थप प्रभावकारी बनाउने गरेका छन् । सामुदायिक वन उपभोक्ता समूह, वन उपभोक्ता समिति तथा स्थानीय तहलाई पनि कानुनी व्यवस्थाको पालना गराउन आग्रह गरिएको छ । प्रतिबन्धको उल्लङ्घन गरी वन पैदावार कटानी, संकलन वा नदीजन्य पदार्थको अवैध उत्खनन तथा ओसारपसार गरेमा प्रचलित वनसम्बन्धी कानुनअनुसार जफत, जरिवाना तथा कसुरको प्रकृतिअनुसार अन्य कानुनी कारबाही हुने बताइएको छ ।

**खाद्य....**जीवनशैलीका विषयमा आफ्ना जिज्ञासा राखेका थिए ।

कार्यक्रममा दमक नगरपालिकाको बजार अनुगमन तथा उपभोक्ता हित संरक्षण शाखा प्रमुख लक्ष्मी न्यौपानेले पछिल्लो समय बालबालिकाहरु प्याकेटजन्य तथा तयारी खाद्य पदार्थप्रति बढी आकर्षित भइरहेको बताउँदै यसले दीर्घकालीन रूपमा स्वास्थ्यमा नकारात्मक असर पार्न सक्ने बताइन् ।

**बाढीमा...**टिमाईबाट खटिएको सशस्त्र प्रहरी बलसहितको संयुक्त टोलीले उद्धार गरिएको जिल्ला प्रहरी कार्यालय झापाका निमित्त प्रवक्ता प्रहरी निरीक्षक विजय चौहानले जानकारी दिए । संयुक्त टोलीले साँझ करिब ५:२० बजे उनीहरूको सकुशल उद्धार गरेको हो । उद्धार गरिएकामध्ये बिर्तामोड नगरपालिका-१ का २६ वर्षीय राजु पाठक, ३४ वर्षीया एन्जिना पाठक र २२ वर्षीया आरती पाठक, भद्रपुर नगरपालिका-५ का २३ वर्षीय भुपाल ठाकुर, २३ वर्षीय पिन्टु बर्मन, २३ वर्षीय मोहित हलुवाई तथा २४ वर्षीय रोहित साहको सकुशल उद्धार गरिएको प्रहरीले जनाएको छ ।

**धान....**रासायनिक मल खरिद गर्न मन्त्रालयलाई स्वीकृति प्रदान गरेको थियो, जसमा ६० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी समावेश छ ।


## चन्द्रदर्शन बचत तथा ऋण सहकारी संस्था लि. कमल-५ झापाको

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्तागर्न आउने ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशितमिति २०८३/०३/२ गते मंगलबार (प्रर्वसन्देश दैनिक)*

यस सहकारी संस्थाबाट तपशीलमा उल्लेखित ऋणीले लिएको कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दै दस्तुर रकम समेत तिर्न / बुझाउन पटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको सावाँ, ब्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत) चुक्ता गर्न हुन सूचित गरिन्छ। अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशीलको धितोबाट कर्जा असुलउपर गरिने ब्यहोरा सम्बन्धित तपशीलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपशील**

| ९. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : कुमारी लावतीआङबो<br>बाबु : बवीनकुमार लावती<br>बाजे : लक्ष्मण लावती<br>वतन : कमलगा.पा.-३, झापा<br>नागरिकता नं. : ०२१०१५ / ७४९<br>जारी मिति : २०६५/०९/२९, पाँचथर | नाम : बसन्तलावती<br>बाबु : बवीनकुमार लावती<br>बाजे : लक्ष्मण लावती<br>वतन : कमलगा.पा.-३, झापा<br>नागरिकता नं. : ०२/०२१०३०/६२५<br>जारी मिति : २०६४/०६/०१, पाँचथर |

**धितो दिएको जग्गाको विवरण**

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | तोपगाछी | ५/घ | १३७३ | ०-१-० | कुमारी लावतीआङबो |

| १०. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : तारानिधि ढकाल<br>बाबु : पुण्य प्रसाद ढकाल<br>बाजे : मदन प्रसाद ढकाल<br>वतन : कमलगा.पा.-४, झापा<br>नागरिकता नं. : २३१११५७५<br>जारी मिति : २०५९/०८/१२, झापा | नाम : दिप्तु घिमीरे<br>पिता : ऋषी राज घिमिरे<br>पती : तारानिधि ढकाल<br>वतन : कमलगा.पा.-४, झापा<br>नागरिकता नं. : ३५९०४<br>जारी मिति : २०५५/०३/०२, झापा |

**धितो दिएको जग्गाको विवरण**

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | कमल | ४/ | ५९०६ | ३३८.६४ब.मी. | तारानिधि ढकाल |
| झापा | कमल | ४/ | ५९१५ | १०१५.९२ब.मी. | तारानिधि ढकाल |

| ११. ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते | जमानी बस्नेको नाम, थर, ठेगाना र तीनपुस्ते |
|---|---|
| नाम : सरिया श्रेष्ठ<br>बाबु : भगिरथ श्रेष्ठ<br>बाजे : रामबहादुर श्रेष्ठ<br>वतन : गौरादह न.पा.-१, झापा<br>नागरिकता नं. : ०४२०४३/३५१०<br>जारी मिति : २०६९/०९/२२, झापा | नाम : चन्द्र मायाश्रेष्ठ<br>पिता : मानबहादुर तामाङ्ग<br>ससुरा : रामबहादुर श्रेष्ठ<br>वतन : गौरादह न.पा.-१, झापा<br>नागरिकता नं. : २३११४७१<br>जारी मिति : २०४६/०२/०१, झापा |

**धितो दिएको जग्गाको विवरण**

| जिल्ला | न.पा./गा.पा. | वडा नं./नक्शा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | गौरादह | १/१७९०१३८ | २३७० | ३४१.०० ब.मी. | चन्द्र मायाश्रेष्ठ |



## दमक सहकारी संस्था लि. दमक-६ झापाको

## कर्जा चुक्ता गर्न आउने सम्बन्धि ३५ (पैतिस) दिने जरूरी सार्वजनिक सुचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/०२

दमक सहकारी संस्था लिमिटेड दमक-६,झापाबाट तपशिलमा उल्लेखित ऋणि सदस्यले ब्यापार ब्यवसाय गर्नका लागि ऋण लिएका बखतमा तोकिएको शर्त अनुसार तिर्न बुझाउनु पर्ने ऋणको सांवा, ब्याज तथा बिलम्ब शुल्क समेत नतिरी नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धि शर्त तथा बन्देज उलङ्घन गर्नु भएकोले संस्थाको सम्पुर्ण लेना रकम (ऋणको सांवा, ब्याज तथा विलम्ब शुल्क समेत) चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत नबुझाउनु भएको हुंदा मिति २०८३/०३/०२ मा यो सार्वजनिक सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा यस संस्थाको कार्यालयमा आई तपाईले लिनुभएको ऋणको सम्पुर्ण सांवा, ब्याज, तथा बिलम्ब शुल्क लगायतको रकम चुक्ता गर्न गराउन हुन तपाई ऋणि सदस्य तथा जमानीकर्तामा कर्जा चुक्ता गर्ने सम्बन्धि ३५ (पैतिस) दिने अत्यन्त जरुरी सार्वजनिक सुचना जारी गरिन्छ। उक्त मिति भित्र ऋणको सम्पुर्ण सांवा, ब्याज तथा बिलम्ब शुल्क लगायतको रकम चुक्ता नबुझाउनु भएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा संस्थाको ऋण असुली नीति एवं प्रचलित कानुन बमोजिम ऋणि सदस्य तथा जमानीकर्ताबाट संस्थाले असुलउपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल गर्ने प्रकृया अगाडी बढाइने छ। असुल उपर कार्वाहिको सिलसिलामा कार्यविधि अनुसार भएको अन्य सम्पुर्ण खर्च समेत ऋणि सदस्य तथा जमानीकर्ताबाट असुलउपर गरिने छ। सो बाट संस्थाको सम्पुर्ण लेना रकम असुलउपर नभएमा ऋणिको घर-घराना, चल-अचल सम्पति तथा जमानीकर्ताबाट असुलउपर गरिने छ।

**तपशिल**

**ऋणिको तिनपुस्ते विवरण** :



नाम : चन्द्र बहादुर विश्वकर्मा
ठेगाना : स्थायी ठेगाना : मोरङ्ग जिल्ला मधुमल्ला गा.वि.स. वडा नम्बर ३
कर्जा लिदाको ठेगाना : झापा जिल्ला दमक नगरपालिका वडा नम्बर ७
ना.प्र.नं. : १५२४२ जारी जिल्ला : मोरङ्ग, जारी मिति : २०६०/०९/२२
पत्निको नाम : संगिता विश्वकर्मा
बाबुको नाम : धन बहादुर विश्वकर्मा
बाजेको नाम : हागे विश्वकर्मा

**जमानीकर्ताको विवरण** :

नाम : टंक प्रसाद भट्टराई
ठेगाना : झापा जिल्ला दमक नगरपालिका वडा नम्बर ५
बाबुको नाम : नारायण प्रसाद भट्टराई
बाजेको नाम : भर्तध्वज भट्टराई

**धितोको विवरण** :

जग्गा धनिको नाम : चन्द्र बहादुर विश्वकर्मा
ठेगाना : दमक-७, झापा
धितो भएको स्थानको ठेगाना : साविक : मधुमल्ला (दमक) - ६, झापा
हाल : कमल - ५, झापा
कित्ता नम्बर : ९६६
क्षेत्रफल : ०-०-१४-०

**दमक सहकारी संस्था लिमिटेड**

दमक-६, झापा फोन नम्बर ०२३-५९०४१२


# दमकमा राष्ट्रिय बुद्धिचाल प्रतियोगिता सुरू




दमक । झापा जिल्ला बुद्धिचाल संघको आयोजनामा राष्ट्रिय बुद्धिचाल प्रतियोगिता दमकमा सुरू भएको छ । प्रतियोगिताको उद्घाटन दमकस्थित कामाक्ष होटलमा आयोजना गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश खेलकुद विकास बोर्डका सदस्य सचिव विप्लव घोषले विजयी खेलाडी तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिनिधित्व गर्ने बुद्धिचाल खेलाडीलाई प्रदेशको तर्फबाट प्रोत्साहनस्वरूप नगदसहित सम्मान गरिने घोषणा गरे । उनले खेलकुदको स्तर विगतको तुलनामा वृद्धि भए पनि खेलाडीमा अपेक्षित उत्साह र हौसला अभिवृद्धि हुन नसकेको बताए । खेलाडीलाई उपलब्ध गराइने सुविधा तथा अवसरमा राज्यले कन्जुस्याइँ गर्न नहुने उल्लेख गर्दै उनले खेलाडी प्रोत्साहन कार्यक्रमले खेलकुद क्षेत्रको विकासलाई थप गति दिने धारणा व्यक्त गरे । खेलकुद क्षेत्रलाई नबुझेका व्यक्तिहरूले नेतृत्व गर्दा पनि यस क्षेत्रमा विभिन्न समस्या देखिएको उनको भनाइ थियो ।

विशेष अतिथि तथा दमक नगरपालिकाका प्रमुख रामकुमार थापाले प्रतियोगीहरूलाई शुभकामना व्यक्त गर्दै बुद्धिचाल खेलमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिनिधित्व गर्न सक्ने दक्ष खेलाडी उत्पादन हुनुपर्ने बताए । उनले यस्ता प्रतियोगिताले युवाहरूको बौद्धिक क्षमता, अनुशासन र रणनीतिक सोचको विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने उल्लेख गरे ।

कार्यक्रमका सभाध्यक्ष तथा झापा जिल्ला बुद्धिचाल संघका अध्यक्ष भुपेन्द्र निरौलाले प्रतियोगितामा १२ जना महिला र १२ जना पुरुष गरी २४ जना खेलाडी सहभागी रहेको जानकारी दिए । प्रतियोगिता कामाक्ष होटलमै सञ्चालन हुने र आगामी शुक्रबार फाइनल खेल सम्पन्न गरिने उनले बताए । कार्यक्रममा नेपाल बुद्धिचाल महासंघका वरिष्ठ उपाध्यक्ष दिपेन राई, महासचिव धरमबहादुर लामा, सचिवालय सदस्य तथा प्रमुख निर्णायक निरञ्जन प्रजापति, सचिवालय सदस्य राजु ताम्राकार, सदस्य सुशिला गुरुङ, सदस्य रमिला पोखरेललगायतको उपस्थिति रहेको थियो ।


## सूदर्शन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी ५ को

## गोप्य शिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धी जरुरी सुचना

**प्रथम पटक पूर्व सन्देश राष्ट्रिय दैनिकमा प्रकाशित १५ दिने सुचना मिति २०८३।०३।०२ गते मंगलबार**

यस सुर्दशन बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी ५ मोरङ्को सञ्चालक समितिको मिति २०८२।१२।०३ गतेको बैठकको निर्णय, २०८३।०२।१८ र २०८३।०२।२० गते स्थानिय वडाका जनप्रतिनिधिसहितको प्रतिनिधिहरू र यस संस्थाको सञ्चालकहरूको उपस्थितिले गरेको पञ्चाकृत धितो मूल्यांकनलाई आधार मानी धितो (जग्गा) लिलामको लागि गोप्य शिलबन्धी कोटेशन पेश गर्न सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१.

| ऋणीको नाम थर | धनजमानतको नाम थर | धितोको विवरण: |
|---|---|---|
| नाम : नरेन्द्र कुमार श्रेष्ठ<br>बुबाको नाम रत्न बहादुर श्रेष्ठ<br>बाजेको नाम : कहरमान श्रेष्ठ<br>नागरीकता नं. १२९९<br>जारी मिति : २०४२।१०।०३(मोरङ्ग)<br>ठेगाना : उर्लाबारी ०९ मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ७ मोरङ्ग | नाम : हर्क कुमारी श्रेष्ठ<br>बुबाको नाम रत्न बहादुर श्रेष्ठ<br>पतिको नाम : छत्र संह श्रेष्ठ<br>नागरीकता नं. : ४०४/१८८<br>जारी मिति : :२०४६।०२।२८(मोरङ्ग)<br>ठेगाना : साविक उर्लाबारी ०९ मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ७ मोरङ्ग | ऋणी नरेन्द्र कुमार श्रेष्ठको नाममा भूमी प्रशासन कार्यलय बेलबारी मोरङ्गमा दर्ता श्रेष्ता कायम रहेको टाँडी वडा नं. ५ट कि.न. १३२ क्षेत्रफल ६९१६.६८ ब.मि. उत्त जग्गाको न्युनतम मूल्य सुरु अंक रु ३१,३७,०००। (अक्षेरुपी एक तिस लाख सैंतिस हजार रुपैयाँ मात्र) हुनेछ। |

२.

| ऋणीको नाम थर | धनजमानतको नाम थर | धितोको विवरण: |
|---|---|---|
| नाम : बबिता कोइराला<br>बुबाको नाम तिलक कुमार कोइराला<br>पतिको नाम : गोविन्द खत्रि<br>नागरीकता नं. : ५८२६०/५९२६०<br>जारी मिति : २०७७।१०।१७ ( सुनसरी)<br>ठेगाना : उर्लाबारी ०२ मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ५ मोरङ्ग | नाम चित्र बहादुर प्रधान<br>बुबाको नाम कुल बहादुर प्रधान<br>बाजेको नाम : धन बहादुर प्रधान<br>नागरीकता नं. : १०७४८<br>जारी मिति :२०५०।१२।०३(मोरङ्ग)<br>ठेगाना : : उर्लाबारी ०४ मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ५ मोरङ्ग | धन जमानी चित्र बहादुर प्रधानको नाममा भूमी प्रशासन कार्यालय बेलबारी मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मधुमल्ला वडा नं. ५घ, कि.न. ३१८१ क्षेत्रफल ०-०-९. उत्त जग्गाको न्युनतम शुरु मूल्य रु १५,०४,०००। ( अक्षेरुपी पन्ध्र लाख चार हजार हजार रुपैयाँ मात्र) हुनेछ। |

३.

| ऋणीको नाम थर | धनजमानतको नाम थर | धितोको विवरण: |
|---|---|---|
| नाम : सन्जय कुमाल<br>बुबाको नाम : पुर्ण बहादुर कुमाल<br>बाजेको नाम : गोफ्ले कुमाल<br>नागरीकता नं. : ४४६१<br>जारी मिति : २०५८/०८/२९,मोरङ्ग<br>ठेगाना : उर्लाबारी ०९मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ०३ मोरङ्ग | नाम : जुनु धिमाल<br>बुबाको नाम केशव धिमाल<br>पतिको नाम : सन्जय कुमाल<br>नागरीकता नं. : ०५२००६/१६७०<br>जारी मिति : २०६६।०३।१०(मोरङ्ग)<br>ठेगाना : उर्लाबारी ०६ मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ०३ मोरङ्ग | ऋणी सन्जय कुमालको नाममा भूमी प्रशासन कार्यालय दमक झापामा दर्ता श्रेस्ता कायम रहेको दमक वडा नं. ५ , कि.न. १३००४ क्षेत्रफल २१.१६ ब.मि.र कि. नं.१३००६ क्षेत्रफल ३१७.४७ ब.मि. उत्त जग्गाको न्युनतम शुरु मूल्य रु २७,७०,०००। ( अक्षेरुपी सत्ताईस लाख सत्तरी हजार रुपैयाँ मात्र) हुनेछ। |

४.

| ऋणीको नाम थर | धनजमानतको नाम थर | धितोको विवरण: |
|---|---|---|
| नाम : जुनु धिमाल<br>बुबाको नाम केशव धिमाल<br>पतिको नाम : सन्जय कुमाल<br>नागरीकता नं. : ०५२००६/१६७०<br>जारी मिति : २०६६।०३।१०(मोरङ्ग)<br>ठेगाना : उर्लाबारी ०६ मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ०३ मोरङ्ग | नाम : सन्जय कुमाल<br>बुबाको नाम : पुर्ण बहादुर कुमाल<br>बाजेको नाम : गोफ्ले कुमाल<br>नागरीकता नं. : ४४६१<br>जारी मिति : २०५८/०८/२९<br>ठेगाना : उर्लाबारी ०९मोरङ्ग<br>हाल : उर्लाबारी न.पा. वडा नं ०३ मोरङ्ग | धन जमानी जुनु धिमालको नाममा भूमी प्रशासन कार्यालय बेलबारी मोरङ्गमा दर्ता श्रेस्ता कायम रहेको मधुमल्ला वडा नं. ९ ख, कि.न. ९७६ क्षेत्रफल ५५.०२ ब.मि.र कि. न ९७८ क्षेत्रफल ११४.२७ ब.मि. उत्त जग्गाको न्युनतम शुरु मूल्य रु १८,५३,०००।( अक्षेरुपी अठार लाख त्रिपन्न हजार रुपैयाँ मात्र) हुनेछ। |

**शर्तहरू**

१ बोलपत्र फारम यस सहकारी संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।
२. सुचना प्रकाशित भएको १५ दिन भित्र गोप्य शिलबन्दी पेश गरिसक्नु पर्ने छ ।
३. उत्त सम्पती जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरि लिने गरी बोलपत्र पेश गर्नुपर्ने छ ।
४. गोप्य शिलबन्दी पेश गरी कबुल गरेको अंकको १० प्रतिशत रकम संस्थाको मार्जिन खातामा जम्मा गर्नुपर्ने छ लिलाम सकार गर्ने व्यत्तिले स्वीकृत पाएको मितिले ७ दिनभित्र कवुल गरेको सम्पूर्ण रकम संस्थामा नबुझाए धरौटी रकम जफत हुनेछ ।
५. गोप्य शिलबन्दी पेश गर्दा शर्तरहित केरमेट नभएको कार्यालयले उपलब्ध गराएको कोटेशन बमोजिम हुनेछ ।
६.उक्त लिलाममा राखेको सम्पती नामसारी गर्दा लाग्ने नेपाल सरकारको दस्तुर अन्य कर तथा शुल्क, सम्पती कर आदि सकार गर्ने ब्यत्ती वा पार्टी आफैले तिर्नु पर्ने छ ।
७. कुनै पनि कारण नजनाई कुनै वा सबै शिलबन्दी कोटेशन पूरै वा आंशिक रूपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार समितिमा रहनेछ ।

**सूदर्शन बचत तथा ऋण सहकारी संस्था लि.**
उर्लाबारी- ५ मोरङ्ग, फोन नं. ०२१- ५४१८१४


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, प्रबन्धक: सुवासचन्द्र भट्टराई, कार्यकारी सम्पादक: खगेन्द्र कार्की ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com